**नगरकार्यपालिकाको कार्यालय, प्रतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश, नेपाल**

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

## बैठक नं. ५९ को निर्णय :

१. कोरोना भाइरसको विश्वव्यापी महामारीबाट बच्न यस नगरपालिकाले हालसम्म गरेका कामहरु खासगरी खाद्यान्न बैंकमा खाधान्न र नगद जम्मा, राहत वितरण, क्वारेन्टाइन व्यवस्थापन र स्वास्थ्य सेवा व्यवस्थापन,स्वास्थ्य स्पयंम सेविका परिचालन सम्बन्धि विषयमा समिक्षा गरियो ।

२. खाद्यान्न बैंकमा सहयोग गर्ने सम्पूर्ण महानुभावहरु, संघसंस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गरियो ।

३. लकडाउन अवधि बढ्दै गएमा ज्याला मजदुरी गरी जिवन निर्वाह गर्ने मजदुर तथा अति विपन्न वर्गको पहिचान गरी राहत वितरणको लागि सूचक मापदण्ड निर्माण गर्न र राहतको वैकल्पिक उपायको खोजी गर्न विपद व्यवस्थापन समितिलाई जिम्मा दिने निर्णय गरियो ।

४. बजार अनुगमन साविक बमोजिम निरन्तरता दिई आपूर्ति व्यवस्था सहज बनाउने निर्णय गरियो ।

५. लकडाउनको पूर्ण पालना गरेकोमा देवचुली नगरपालिका बासी आम नागरिकलाई धन्यवाद दिदै बाकि अवधिको पनि धैर्यता पूर्वक पालना गर्न आग्रह गर्ने निर्णय गरियो ।

६. कृषि, पशु, कुखुरा पालन लगायतका व्यवसायीहरुलाई परेको समस्या पहिचान गरी समस्या समाधानको उपयुक्त उपाय सुल्झाउन कृषि तथा पशु सेवा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

७. कृषि उत्पादन बढाउन सिचाई हुने कृषियोग्य भूमी बाझो नराख्न सवैलाई आग्रह गर्ने निर्णय गरियो ।

८. कोरोना भाईरस रोकथाम तथा नियन्त्रण संबन्धी कार्यका लागि खाद्यान्न, औषधी तथा पि.पि.इ. लगायतका सामग्री खरीद, क्वारेन्टाइन व्यवस्थापन लगायतका विषयमा हालसम्म भएको खर्च रु. २३,९५,००८ ।- (अक्षरुपि तेईस लाख पन्चानब्बे हजार आठ मात्र) अनुमोदन गरियो ।

२०७६/१२/२८

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख